धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily    राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ५ ◆ २०८३ साउन ५ गते मंगलबार, Tuesday, July 21, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

## धादिङ जिल्ला अदालतमा दुई वर्ष नाघेका सबै मुद्दा फछ्र्योट

# एक वर्षमा १ हजार ८५ मुद्दाको फैसला

❑ *प्रत्यूष समाचारदाता*

धादिङबेशी । धादिङ जिल्ला अदालतले दुई वर्ष नाघेका सबै मुद्दा फछ्र्योट गरी त्यस्ता मुद्दाको संख्या शून्यमा झारेको छ । आर्थिक वर्ष २०८२/८३ मा अदालतले कुल एक हजार ५५८ मुद्दामध्ये एक हजार ८५ मुद्दा फछ्र्योट गरेको हो ।

अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका दुई वर्ष नाघेका २४ थान मुद्दा गत आर्थिक वर्षमा फैसला गरिएसँगै पुरानो मुद्दाको संख्या शून्यमा झरेको जिल्ला अदालतका स्रेस्तेदार राजेन्द्र लुइँटेलले जानकारी दिनुभयो ।



जिल्ला अदालतमा आर्थिक वर्ष २०८२/८३ मा एक हजार २३३ नयाँ मुद्दा दर्ता भएका थिए । अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका ३२५ मुद्दासहित अदालतमा कुल एक हजार ५५८ मुद्दा कायम भएका थिए । दुई न्यायाधीश कार्यरत अदालतले तीमध्ये एक हजार ८५ मुद्दा अर्थात् ६९ दशमलव ६४ प्रतिशत मुद्दा फछ्र्योट गरेको जनाएको छ । अदालतको वार्षिक तथ्याङ्कअनुसार देवानी तथा फौजदारी प्रकृतिका मुद्दा सबैभन्दा बढी दर्ता तथा फछ्र्योट भएका छन् । त्यसैगरी पुनरावेदन र रिटसम्बन्धी मुद्दाको पनि सुनुवाइ तथा किनारा लगाइएको छ ।

गत आर्थिक वर्षको अन्त्यसम्ममा धादिङ जिल्ला अदालतमा ४७३ मुद्दा फछ्र्योट हुन बाँकी छन् । नयाँ दर्ता भएका मुद्दाको तुलनामा फछ्र्योट भएका मुद्दाको संख्या कम रहे पनि दुई वर्ष नाघेका सबै मुद्दा टुङ्ग्याउन सफल भएको अदालतले जनाएको छ । स्रेस्तेदार लुइँटेलका अनुसार बाँकी मुद्दाको समयमै सुनुवाइ तथा फछ्र्योट गर्न अदालतले आगामी आर्थिक वर्षका लागि महत्वकांक्षी कार्ययोजना बनाएर अघि बढ्ने तयारी गरेको छ ।

## मनसुनजन्य विपद् व्यवस्थापनमका लागि तयारी अवस्थामा रहने

काठमाडौँ । मुख्यसचिव गोविन्दबहादुर कार्कीको संयोजकत्वमा सोमबार बसेको सचिवस्तरीय बैठकले मनसुनजन्य विपद् व्यवस्थापनको तयारी अवस्थामा रहने निर्णय गरेको छ ।

मनसुनजन्य विपद् वा महामारी जस्ता सङ्कटको प्रभावकारी व्यवस्थापन गर्न सबै सरकारी निकाय तथा सुरक्षा संयन्त्र तयारी अवस्थामा रहने बैठकले निर्णय गरेको हो । "विपद्को समयमा जनशक्ति, बजेट, राहत सामग्री र प्राविधिक सहयोगको परिचालन तहगत इकाइहरूबीच समन्वयात्मक रूपमा गरिने छ", निर्णयमा भनिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पनि देशका विभिन्न स्थानमा भारी वर्षा, बाढीपहिरो र डुबानको जोखिम हुनसक्ने भएको सोको न्यूनीकरण गर्न विपद् प्रतिकार्य तथा पूर्वतयारीलाई तीव्र बनाइएको जनाएको छ ।

मनसुनको अवधिमा देशको विभिन्न स्थानमा वर्षा भइरहँदा सम्भावित बाढीपहिरो, डुबानलगायत मनसुनजन्य विपद् प्रतिकार्यलाई थप प्रभावकारी बनाउन प्राधिकरणले समन्वयलाई थप तीव्र बनाएको जानकारी दिएको छ । प्राधिकरणका निमित्त कार्यकारी प्रमुख प्रदीपकुमार कोइरालाले पनि मनसुनजन्य विपद्को प्रभाव न्यूनीकरणका लागि सम्बन्धित सबै सरोकार भएका निकायबीच समन्वयलाई प्रभावकारी रूपमा अगाडि बढाइरहेको बताउनुभयो ।

## स्कोरपियोसँग ठोक्किएर महिलाको मृत्यु

भद्रपुर । झापाको मेचीनगरमा डिभिजन वन कार्यालय भद्रपुरको स्कोरपियो र सिटी सफारी एकआपसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ ।

सोमबार बिहान मेचीनगर-१५ कालिकास्थित भित्री सडकखण्डमा काँकडभिट्टाबाट भद्रपुरतर्फ जाँदै गरेको प्र १-०१-००२ ह ७८०५ नम्बरको सिटी सफारी र विपरीत दिशाबाट आउँदै गरेको डिभिजन वन कार्यालय झापाको बागमती प्रदेशको प्र ०१-००२ झ ७३६० नम्बरको स्कोरपियो एकआपसमा ठोक्किएर भएको दुर्घटनामा सिटी सफारीमा सवार एक जना महिलाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक रञ्जन अवाले जानकारी दिनुभयो । दुर्घटनामा मेचीनगर-१५ निवासी ४० वर्षीया आरती उराउ गम्भीर घाइते हुनुभएको थियो । निजलाई उपचारका लागि प्रादेशिक अस्पताल भद्रपुर लगिएकामा अस्पताल पुर्याए लगत्तै चिकित्सकले मृत घोषणा गरेका प्रहरी नायब उपरीक्षक अवाले जानकारी दिनुभयो । दुर्घटनापछि स्कोरपियो चालक भद्रपुर नगरपालिका-१० निवासी ५४ वर्षीय लीला श्रेष्ठ र सिटी सफारी चालक मेचीनगर-६ निवासी ४५ वर्षीय गम्भीरप्रसाद बातरलाई प्रहरीले नियन्त्रणमा लिएर दुर्घटनाको कारणबारे थप अनुसन्धान गरिरहेको जनाएको छ ।

## राष्ट्रिय गौरवका आयोजना सम्बन्धमा छलफल गरिने

काठमाडौँ । राष्ट्रियसभा अन्तर्गत सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले काठमाडौँ-तराई/मधेस द्रुत मार्ग (फास्ट ट्र्याक), राष्ट्रपति चुरे-तराई मधेस संरक्षण कार्यक्रमलगायत राष्ट्रिय गौरवका आयोजनाको प्रगतिका सम्बन्धमा सरोकार भएका निकायका प्रतिनिधिसँग छलफल गर्ने भएको छ । समितिको सोमबारको बैठकमा फास्ट ट्र्याक, चुरे संरक्षण र सिन्धुलीगढी को संरक्षणका सम्बन्धमा उपसमितिले गरेको स्थलगत अनुगमनको समीक्षा भएको थियो । बैठकले ती परियोजनाको प्रगतिबारे सरोकार भएका निकायका प्रतिनिधिसँग थप छलफल गर्ने निष्कर्ष निकालेको समितिका सचिव सञ्जय दाहालले जानकारी दिनुभयो ।

## महिलालाई थारु परिकार बनाउने सीप

दाङ । थारु जातिले खाने परिकारलाई जोगाउन यहाँका स्थानीय ४० जना महिलालाई 'स्थानीय परिकार प्रशिक्षण' प्रदान गरिएको छ ।

पर्यटन डिभिजन कार्यालय बाँकेको आयोजना र थारु सांस्कृतिक संरक्षण केन्द्र दाङको सहकार्यमा तालिम गरिएको हो । दाङकाले दगौरा, देउखुरीले देउखुरीया, बाँके र बर्दियाकाले देसौरी खाना तथा कैलाली र कञ्चनपुरका थारुले खाने राणा र कठरिया खाना बनाउन तालिम प्रदान गरिएको हो । महिलालाई थारु खाना बनाउन सिकाएर बजारीकरण गर्नतर्फ प्रदेश सरकार लागि परेको लुम्बिनी प्रदेशका पूर्वमुख्यमन्त्री डिल्लीबहादुर चौधरीले बताउनुभयो । "अहिले थारु समुदायको खाना भनेर ढिकी, घुँडी, जाँडको झोल मात्रै दिने गरिएको छ", उहाँले भन्नुभयो, "त्यति मात्रै होइनन्, हाम्रा थुप्रै खानाहरु लोप भएका छन्, जुन मानव स्वास्थ्यका लागि लाभदायक छन् ।"

कञ्जुवा, अनदी, सिम्ठारो, मकै र मसुराको भात, घोंघी, गङ्टा, लोकल कुखुराको मासु, गुइता माछा, माछा, सिद्रा माछा, बङ्गरको मासु, बयरको अचार, जारको झोल, ढिक्री, पतौरीलगायत ४० बढी स्थानीय परिकार बनाउन सिकाइने छ ।

थारु जातिको जिल्ला अनुसार फरकफरक खाना रहेकाले ती खानालाई बजारमा लैजान सकेमा आम्दानीको स्रोत बन्न सक्ने चौधरीले बताउनुभयो ।

## नुवाकोटको पहिरो प्रभावित क्षेत्रमा राहत र पुनःस्थापनाका लागि पहल

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । अविरल वर्षाका कारण नुवाकोटका विभिन्न क्षेत्रमा पहिरो तथा वर्षाजन्य विपद्का घटना बढ्दै गएपछि नुवाकोट-१ का प्रतिनिधिसभा सदस्य एवं सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले प्रभावित क्षेत्रमा तत्काल उद्धार, राहत तथा पुनःस्थापनाका लागि सम्बन्धित निकायसँग तीव्र समन्वय र पहल अघि बढाउनुभएको छ ।

नुवाकोट जिल्लाको दुप्चेश्वर गाउँपालिका, सूर्यगढी गाउँपालिका, तादी गाउँपालिका, पञ्चकन्या गाउँपालिकालगायत क्षेत्रमा पहिरो र वर्षाजन्य विपद्का घटना भएका जानकारी प्राप्त भएपछि मन्त्री तिमिल्सिनाले प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख तथा सम्बन्धित सरकारी निकायका प्रतिनिधिहरू सँग तत्काल समन्वय गरी प्रभावित क्षेत्रको अवस्थाबारे जानकारी लिनुभएको हो । उहाँले घटनास्थलको स्थलगत अनुगमन, नागरिकको सुरक्षा सुनिश्चितता, आवश्यक उद्धार तथा राहत कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न र क्षतिको यथार्थ विवरण सङ्कलन गर्न सम्बन्धित निकायलाई आग्रह गर्नुभयो । सञ्चारमन्त्री डा तिमिल्सिनाले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय तथा अन्य सम्बन्धित निकायसँग निरन्तर सम्पर्क र समन्वय गरिरहनुभएको उहाँको सचिवालयले जनाएको छ ।

त्यसैगरी दुप्चेश्वर, सूर्यगढी तथा पञ्चकन्या गाउँपालिकाका अध्यक्ष एवं स्थानीय जनप्रतिनिधिसँग प्रत्यक्ष संवाद गरी घटनास्थलको वस्तुस्थिति बुझ्ने, तत्काल आवश्यक सहयोगको व्यवस्थापन गर्ने तथा राहत, पुनर्स्थापना र पुनर्निर्माणका कार्यलाई प्रभावकारी रूपमा अघि बढाउने विषयमा आवश्यक समन्वय भइरहेको सचिवालयले जनाएको छ ।

यसैबीच, डा तिमिल्सिनाले सडक डिभिजन कार्यालय, नुवाकोटका प्रमुख इन्जिनियर बद्री शर्मासँग मन्त्रालयमा भेट गरी अविरल वर्षाका कारण सडक, यातायात तथा अन्य पूर्वाधारमा पुगेको क्षतिबारे जानकारी लिनुभएको छ । भेटका क्रममा उहाँले अवरुद्ध सडक यथाशीघ्र सञ्चालनमा ल्याउन, प्रभावित क्षेत्रमा उद्धार तथा राहत कार्यमा सहज पहुँच सुनिश्चित गर्न र आवश्यक मर्मत तथा पुनःस्थापनाका कामलाई प्राथमिकताका साथ तीव्र गतिमा अघि बढाउन निर्देशन दिनुभएको सचिवालयले जनाएको छ ।

सञ्चारमन्त्रीले प्रमुख जिल्ला अधिकारीसँग पनि प्रत्यक्ष सम्पर्क गरी प्रभावित क्षेत्रको पछिल्लो अवस्थाबारे जानकारी लिँदै उद्धार, राहत, सडक सञ्चालन तथा अन्य अत्यावश्यक सेवाहरूलाई शीघ्र नियमित सञ्चालन गराउन आवश्यक समन्वय भइरहेको बताउनुभएको छ । आवश्यकता अनुसार थप हस्तक्षेप तथा सहयोगका उपायबारे सम्बन्धित निकायसँग निरन्तर छलफल गरिने मन्त्रालयले जनाएको छ ।

हाल सम्बन्धित निकायहरू प्रभावित क्षेत्रमा परिचालित भई उद्धार, राहत वितरण, क्षतिको विवरण सङ्कलन तथा अन्य आवश्यक कार्यमा सक्रिय रूपमा खटिएका जनाइएको छ ।

## ग्रिन रन आयोजना गर्दै कांग्रेस

काठमाडौँ । नेपाली कांग्रेसले जननायक विपी कोइरालाको ४४औँ स्मृति दिवसका असरमा यही साउन ६ र ७ गते विभिन्न कार्यक्रमहरु आयोजना गर्देछ ।

यसै सन्दर्भमा कांग्रेसको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले जलवायु जनचेतना जगाउन यही साउन ६ गते बिहान काठमाडौँ उपत्यकामा 'ग्रिन रन' आयोजना गर्ने भएको छ । कांग्रेसद्वारा सोमबार आयोजित पत्रकार सम्मेलनमा उपसभापति एवं प्रतिष्ठानका प्रमुख विश्वप्रकाश शर्माले 'जलवायु जनचेतना जगाउन जुटौं' नाराका साथ पाँच किमी दौड आयोजना गर्न लागेको जानकारी दिनुभयो । "दौड लगत्तै जावलाखेल चोक, फाल्चामा 'जलवायु परिवर्तनको चुनौती : निराकरण कसरी' शीर्षकमा विज्ञहरुसहितको समूहगत छलफल हुनेछ," उपसभापति शर्माले भन्नुभयो, "समूहगत छलफल चलिरहँदा, सोही स्थलमा जलवायु परिवर्तनका चुनौती र सम्भावना झल्काउने चित्रहरु सुपरिचित चित्रकारहरुद्वारा पेन्टिङ गरिनेछन् । यसैगरी साउन ७ गते पार्टीको नविन अभियान घोषणा सहितको कार्यक्रम हुनेछ । कांग्रेसले 'ग्रीन रन' मा सहभागी हुनेको संख्याका आधारमा प्रतिव्यक्ति निश्चित रकम आफ्नो कोषबाट रकम जम्मा गरेर एक 'मानवीय सहयोग कोष' खडा गर्ने जनाएको छ ।

*सम्पादकीय ....*

## उत्पादनमै समृद्धिको आधार

नेपालको अर्थतन्त्र लामो समयदेखि आयात, वैदेशिक रोजगारी र विप्रेषणमा अत्यधिक निर्भर छ । सीमित औद्योगिक आधार, कमजोर उत्पादन क्षमता र बढ्दो व्यापार घाटाले आर्थिक संरचनालाई अस्थिर बनाएको छ । यस्तो अवस्थामा स्वदेशी उत्पादनको विस्तार कुनै वैकल्पिक नीति होइन, राष्ट्रिय आर्थिक सुरक्षाको अनिवार्य आधार हो । देशभित्र उत्पादन नबढाई रोजगारी, आत्मनिर्भरता, निर्यात प्रवर्धन र दिगो विकासको लक्ष्य हासिल गर्न सकिँदैन । विप्रेषणले उपभोग धाने पनि त्यसलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न नसक्दा अर्थतन्त्र आयातमुखी बनेको छ ।

आन्तरिक उत्पादन बढाउने बहस नेपालमा नयाँ होइन । तर नीतिमा घोषणा धेरै र कार्यान्वयन कमजोर देखिएको छ । आयात प्रतिस्थापन, शिशु उद्योग संरक्षण, आत्मनिर्भर विकास र स्थानीय आर्थिक विकासजस्ता सिद्धान्तले घरेलु उद्योगलाई प्रारम्भिक संरक्षण, कर छुट, अनुदान, सहज कर्जा, प्रविधि र बजारको आवश्यकता औँल्याउँछन् । नेपालले यी अवधारणाबाट सिक्दै आफ्नो भूगोल, स्रोत, श्रमशक्ति र बजारअनुकूल उत्पादन नीति निर्माण गर्नुपर्छ । विदेशी मोडलको नक्कलभन्दा स्थानीय वास्तविकतामा आधारित स्पष्ट औद्योगिक प्राथमिकता तय गर्नु आवश्यक छ ।

कृषि, जडीबुटी, पर्यटन, जलस्रोत, वनजन्य वस्तु, हस्तकला र साना तथा मझौला उद्योग नेपालका मुख्य सम्भावना हुन् । तर कच्चा पदार्थको अभाव, महँगो ढुवानी, अनियमित विद्युत्, कठिन कर्जा प्रक्रिया, नीतिगत अस्थिरता र बजार संरक्षणको कमीले उद्यमी निरुत्साहित छन् । विदेशी वस्तुसँग प्रतिस्पर्धा गर्न नसक्ने प्रारम्भिक उद्योगलाई सीमित अवधिका लागि संरक्षण दिनु आवश्यक छ । यस्तो संरक्षण स्थायी सहुलियत नभई उत्पादन, गुणस्तर, रोजगारी, प्रविधि सुधार र निर्यातसँग जोडिएको हुनुपर्छ । संरक्षणका नाममा कमजोर उद्योगलाई अनिश्चितकालसम्म टिकाउने प्रवृत्तिले प्रतिस्पर्धी क्षमता विकास गर्दैन ।

स्थानीय तहले आफ्नो क्षेत्रका सम्भाव्य उत्पादनको पहिचान गरी उद्यम विकास, सीप तालिम, सङ्कलन केन्द्र, प्रशोधन, भण्डारण र बजार व्यवस्थापनमा लगानी गर्न सक्छन् । प्रदेश सरकारले औद्योगिक पूर्वाधार, ऊर्जा, सडक र क्षेत्रीय बजार जोड्नुपर्छ भने संघीय सरकारले स्थिर कर नीति, भन्सार सुधार, सहुलियत कर्जा, प्रविधि हस्तान्तरण र सार्वजनिक खरिदमा स्वदेशी वस्तुलाई प्राथमिकता दिनुपर्छ । अनुसन्धान, गुणस्तर प्रमाणीकरण, प्याकेजिङ र ब्रान्डिङमा समेत राज्य र निजी क्षेत्रको साझेदारी आवश्यक छ । उपभोक्ताले पनि गुणस्तरीय नेपाली उत्पादन रोजेर राष्ट्रिय अर्थतन्त्रलाई सहयोग गर्न सक्छन् ।

उत्पादन वृद्धि नाराले मात्र सम्भव हुँदैन । सरकार, निजी क्षेत्र, सहकारी, स्थानीय समुदाय र उपभोक्ताबीच स्पष्ट जिम्मेवारी र दीर्घकालीन समन्वय आवश्यक छ । आयातमा निर्भर अर्थतन्त्रलाई उत्पादनमुखी बनाउन समयबद्ध योजना, परिणाममा आधारित प्रोत्साहन, पारदर्शी अनुगमन र नीतिगत निरन्तरता अनिवार्य छन् । स्वदेशी उत्पादनलाई राष्ट्रिय अभियान बनाइए मात्र रोजगारी सिर्जना, व्यापार घाटा न्यूनीकरण, स्थानीय स्रोतको सदुपयोग र आत्मनिर्भर समृद्धिको आधार बलियो बन्नेछ ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्युष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्युष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## अन्तरराष्ट्रिय सम्मानले उचाल्यो म्याराथनको साख

"मैले पनि सोचेको थिइन एम्सले मलाई यसरी सम्मान गर्छ र मैले नै यो वर्षको अवार्ड पाउँछु भन्ने । काम गर्दै जाँदा यस्ता अन्तरराष्ट्रिय अवार्डले पनि सम्मानित भइनेरहेछ", यो भनाइ हो-नेपालगन्ज धारा म्याराथनका संस्थापक अध्यक्ष टिएस ठकुरीको ।

नेपालगञ्जलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुदको नक्सामा स्थापित गर्ने उद्देश्यले करिब एक दशकअघि सुरु गरिएको नेपालगञ्ज धारा म्याराथुनले यस वर्ष प्रतिष्ठित एम्स सोसल अवार्ड-२०२६ प्राप्त गरेपछि बाँकेसहित समग्र नेपाली खेलकुद क्षेत्र उत्साहित बनेको छ । विश्वका विभिन्न देशका खेलकुद संस्था आबद्ध रहेको एम्सबाट नेपालले पहिलोपटक प्राप्त गरेको यो सम्मानले नेपालगन्ज धारा म्याराथनलाई मात्र होइन, सिङ्गो नेपालको खेलकुदलाई अन्तरराष्ट्रिय समुदायमाझ नयाँ परिचय दिलाएको छ । बाँकेको खजुरा गाउँपालिकामा जन्मिनुभएका टिएस ठकुरीले आफ्नो व्यावसायिक यात्रा पत्रकारिताबाट सुरु गर्नुभएको थियो । उहाँले २०६५ देखि २०६९ सालसम्म काठमाडौँस्थित नेपाल समाचारपत्रमा पत्रकारिता गर्नुभयो । राजधानीमा रहँदा देशका विभिन्न सहरले खेलकुदका माध्यमबाट आफ्नो पहिचान निर्माण गरिरहेको देख्दा उहाँलाई नेपालगन्ज भने सम्भावना हुँदाहुँदै पनि ओझेलमा परेको महसुस भयो । यही सोचले उहाँलाई नेपालगन्जलाई फरक ढङ्गले चिनाउने अभियान सुरु गर्न प्रेरित गर्‍यो ।

त्यतिबेला पोखरा म्याराथन, धरानको बुढासुब्बा गोल्डकप तथा रुपन्देहीको तिलोत्तमा म्याराथनजस्ता प्रतियोगिताले राष्ट्रिय चर्चा पाउने गर्थे । नेपालगन्जलाई पनि खेलकुदमार्फत राष्ट्रिय पहिचान दिलाउन सकिन्छ भन्ने विश्वासका साथ उहाँले म्याराथनलाई रोज्नुभयो । धावन एउटा यस्तो खेल हो, जहाँ उमेर, पेसा वा सामाजिक पृष्ठभूमिभन्दा इच्छाशक्ति र सहभागिताले महत्व पाउँछ । यही कारण सबैलाई समेट्ने खेलका रूपमा म्याराथनलाई अघि बढाइएको उहाँ बताउनुहुन्छ ।

सन् २०१५ मा आयोजना गरिएको पहिलो नेपालगन्ज धारा म्याराथनमा ३१५ जना धावक सहभागी भएका थिए । सीमित स्रोत, न्यून अनुभव र आर्थिक अभावबीच सुरु भएको प्रतियोगिता आज हजारौं धावकको सहभागिता हुने अन्तरराष्ट्रियस्तरको प्रतियोगिताका रूपमा विकसित भएको छ । हाल प्रत्येक संस्करणमा झण्डै पाँच हजारभन्दा बढी धावक सहभागी हुने गरेका छन् तर टिएसका लागि खेलकुदको यो यात्रा भने सहज थिएन । विश्वका १२० देश आबद्ध रहेको एम्ससँग करिब ६०० सदस्य संस्था छन् । नेपालबाट यसवर्ष प्राप्त भएको यो पहिलो तथा एकमात्र अवार्ड हो । टिएस ठकुरीका अनुसार एम्ससँग आबद्ध हुने नेपालको पहिलो म्याराथन पनि नेपालगन्ज धारा म्याराथन नै हो । हाल नेपालका सात वटा म्याराथन एम्ससँग आबद्ध भए पनि नेपालगन्ज धारा म्याराथनले सुरुदेखि नै अन्तरराष्ट्रिय सम्बन्ध विस्तारमा अग्रणी भूमिका खेलेको उहाँको भनाइ छ ।

यो सम्मान प्राप्त भएपछि पनि आफूले यसलाई व्यक्तिगत उपलब्धिका रूपमा नलिएको टिएस ठकुरी बताउनुहुन्छ । "मैले नेपालगन्ज धारा म्याराथन कुनै अवार्ड जित्ने उद्देश्यले सुरु गरेको होइन । मेरो एउटै सपना थियो, नेपालगन्जलाई खेलकुदमार्फत चिनाउने । आज त्यो सपना पूरा हुँदै गएको देख्दा अत्यन्त खुसी लागेको छ", उहाँले भन्नुभयो, "यो सम्मान मेरो व्यक्तिगत होइन, सिङ्गो नेपालका लागि प्राप्त भएको गौरव हो । नेपालगन्ज धारा म्याराथन एउटा माध्यम मात्र बनेको हो ।" उहाँका अनुसार प्रतियोगिताले अनेकौं चुनौती पार गरेको छ । कोभिड-१९ महामारीका बेला विश्वभर अधिकांश खेल गतिविधि रोकिए पनि नेपालगन्ज धारा म्याराथन पूर्ण रूपमा रोकिएन । नेपाल सरकारले तय गरेको स्वास्थ्य मापदण्ड पालना गर्दै २५ पुरुष र २५ महिलाको सहभागितामा प्रतियोगिता सञ्चालन गरिएको अध्यक्ष ठकुरीले बताउनुभयो । कठिन परिस्थितिमा पनि प्रतियोगिताको निरन्तरता कायम राख्न सक्नु नै यसको सबैभन्दा ठूलो उपलब्धिमध्ये एक भएको उहाँको भनाइ छ ।

'नेपालगन्ज धारा म्याराथन'को अन्तरराष्ट्रिय यात्रामा निजी क्षेत्रको साथ पनि उत्तिकै महत्वपूर्ण रहेको उहाँले उल्लेख गर्नुभयो । मुख्य प्रायोजक के एल दुग्गड ग्रुपले सुरुदेखि देखाएको विश्वास, स्थानीय समुदायको साथ र स्वयंसेवकको समर्पणकै कारण आजको उपलब्धि सम्भव भएको उहाँको भनाइ छ ।

नेपालगन्ज धारा म्याराथनको सफल यात्रामा मुख्य प्रायोजकका रूपमा निरन्तर साथ दिँदै आएको 'केएल दुग्गड ग्रुप'को योगदानलाई आयोजकले महत्वपूर्ण उपलब्धिका रूपमा लिने गरेका छन् । सुरुआतदेखि नै प्रतियोगितालाई आर्थिक तथा नैतिक रूपमा साथ दिँदै आएको कम्पनीले खेलकुदलाई सामाजिक उत्तरदायित्वसँग जोडेर हेरेको छ ।

संस्थापक अध्यक्ष टिएस ठकुरीका अनुसार निजी क्षेत्रको विश्वास र सहकार्यबिनाको अवस्थामा नेपालगन्ज धारा म्याराथनलाई निरन्तरता दिन निकै कठिन हुने थियो । प्रायोजक संस्थाको विश्वासले मात्र प्रतियोगितालाई स्थायित्व दिएको होइन, अन्तरराष्ट्रिय मञ्चसम्म पुग्ने आत्मविश्वाससमेत प्रदान गरेको उहाँको भनाइ छ । 'के एल दुग्गड ग्रुप' का नेपालगन्ज प्रमुख कार्यकारी अधिकृत प्रदीप छाजेडले नेपालगन्ज धारा म्याराथनले प्राप्त गरेको अन्तरराष्ट्रिय सम्मान सम्पूर्ण नेपालका लागि गर्वको विषय भएको बताउनुभयो ।

"हामीले नेपालगन्ज धारा म्याराथनलाई सुरुदेखि नै एउटा खेल प्रतियोगिताभन्दा पनि नेपालगन्जको पहिचान निर्माण गर्ने अभियानका रूपमा हेरेका थियौं । आज एम्स सोसल अवार्ड-२०२६ प्राप्त हुनु हामी सबैका लागि अत्यन्त गौरवको क्षण हो । उहाँले भन्नुभयो, "हाम्रो सानो सहयोगले यति ठूलो उपलब्धिमा साथ दिन पाएकामा खुसी लागेको छ । यो सम्मानले निजी क्षेत्र र खेलकुदबीचको सहकार्यले असम्भव जस्तो लाग्ने लक्ष्य पनि हासिल गर्न सकिन्छ भन्ने सन्देश दिएको छ । आगामी दिनमा पनि हाम्रो साथ निरन्तर रहनेछ ।"

बाँके जिल्ला फुटबल सङ्घका अध्यक्ष भीमराज शाहीले नेपालगञ्ज धारा म्याराथनले अन्तरराष्ट्रिय सम्मान प्राप्त गर्ने समाचार सुरुमा आफूलाई विश्वास नै नलागेको बताउनुभयो । "पहिलो पटक अवार्ड पाउने कुरा सुन्दा मैले कल्पना पनि गरेको थिइन । औपचारिक रूपमा अवार्ड प्राप्त गर्ने कुरा पक्का भएपछि पनि पत्यार लागिरहेको थिएन", उहाँले भन्नुभयो, "जब टिएसजीले वास्तवमै यो सम्मान प्राप्त गर्नुभयो, त्यसपछि खुसीको सीमा नै रहेन ।" यो नेपालगन्जको मात्र उपलब्धि नभएर सिङ्गो नेपालको नाम विश्व खेलकुद समुदायमाझ चिनाउने ऐतिहासिक सफलता भएको पनि उहाँले बताउनुभयो । उहाँका अनुसार यस्ता व्यक्तित्व र अभियानलाई राज्यले पनि उचित सम्मान गर्नुपर्छ । नेपालगन्ज धारा म्याराथनको प्रचारप्रसार तथा सञ्चार व्यवस्थापनमा सुरुदेखि नै सक्रिय भूमिका निर्वाह गर्दै आउनुभएका हाम्रो खेलकुद डटकमका सम्पादक प्रकाश तिमिल्सेनाले पनि यस्ता अन्तरराष्ट्रिय सम्मानले नेपालको खेलकुद क्षेत्रको सम्भावनालाई थप उजागर गरेको बताउनुभयो । "खेलकुदमा प्राप्त हुने अन्तरराष्ट्रिय सम्मानले देशको प्रतिष्ठा बढाउने काम गर्छ । नेपालगन्ज धारा म्याराथनले प्राप्त गरेको यो उपलब्धिले नेपाली खेलकुद विश्वस्तरमा प्रतिस्पर्धा गर्न सक्षम रहेको प्रमाणित गरेको छ", तिमिल्सेनाले भन्नुभयो, "अब यस्ता अभियानलाई सरकारले नीतिगत, आर्थिक तथा पूर्वाधारका हिसाबले अझ बढी सहयोग गर्नुपर्छ । निजी क्षेत्र, सञ्चारमाध्यम र खेल संस्थाबीचको सहकार्यलाई अझ प्रभावकारी बनाउनसके नेपालबाट अझ धेरै अन्तरराष्ट्रिय सफलता हासिल गर्न सकिन्छ ।" महिला राष्ट्रिय क्रिकेट टोलीकी पूर्वउपकप्तान तथा सञ्चारकर्मी ममता थापा पहिलो संस्करणदेखि नै नेपालगन्ज धारा म्याराथनसँग प्रत्यक्ष रूपमा जोडिँदै आउनुभएको छ । उहाँले प्रतियोगिताको सुरुदेखिको सङ्घर्ष र अहिलेको उपलब्धि नजिकबाट देख्नुभएको अनुभव सुनाउँदै यो सम्मान सम्पूर्ण नेपाली खेलाडीका लागि प्रेरणाको स्रोत बनेको बताउनुभयो । "धारा म्याराथनले यस्तो प्रतिष्ठित अन्तरराष्ट्रिय अवार्ड प्राप्त गर्ला भन्ने मैले पनि सोचेकी थिइनँ । अवार्ड प्राप्त गरेको खबर सुनेपछि निकै खुसी लाग्यो", उहाँले भन्नुभयो, "म स्वयं खेलाडी भएकाले यो उपलब्धिको महत्व अझ गहिरोसँग महसुस गर्न सक्छु । यसले नेपालका खेलाडीलाई मेहनत र निरन्तरताले विश्वस्तरमा पनि पहिचान बनाउन सकिन्छ भन्ने आत्मविश्वास दिएको छ । यो धारा म्याराथुनको मात्र सफलता होइन, सम्पूर्ण नेपाली खेलकुद परिवारको गौरवको विषय हो ।" खेलकर्मीहरूका अनुसार नेपालगन्ज धारा म्याराथनले केवल धावन प्रतियोगिता आयोजना गर्ने काम मात्र गरेको छैन । यसले खेलमार्फत सामाजिक एकता, स्वस्थ जीवनशैली, पर्यटन प्रवर्द्धन, स्थानीय अर्थतन्त्रको चलायमानता तथा नेपालगन्जको अन्तरराष्ट्रिय पहिचान निर्माणमा उल्लेखनीय योगदान पुर्‍याएको छ । प्रतियोगिताका अवसरमा देशका विभिन्न जिल्लासँगै विदेशबाट पनि धावक नेपालगन्ज आउनेक्रम बढ्दै गएको छ । यसले होटल, यातायात, रेष्टुरेन्ट, व्यापार तथा अन्य सेवा क्षेत्रमा सकारात्मक प्रभाव पारेको स्थानीय व्यवसायीहरूको अनुभव छ । पत्रकारिताबाट सुरु भएको टि एस ठकुरीको एउटा सोंच आज अन्तरराष्ट्रिय सम्मानमा परिणत हुनु आफैंमा प्रेरणादायी यात्रा बनेको छ । सीमित स्रोत, अनेक चुनौती र निरन्तर सङ्घर्षका बीच सुरु भएको नेपालगन्ज धारा म्याराथनले आज विश्व खेलकुद समुदायबाट सम्मान प्राप्त गर्दै नेपालको खेल इतिहासमा एउटा नयाँ अध्याय थपेको छ ।

*रुपनी जिएम*

## स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं ।

शहरलाई सफा राखौ : सुन्दर बनाऔं ।

नेपाल सरकार,
**विज्ञापन वोर्ड**

# बजेट कार्यान्वयनका लागि कार्यविधि र निर्देशिका साउन मसान्तभित्र तयार पार्न निर्देशन

काठमाडौं । अर्थ मन्त्रालयले चालु आर्थिक वर्ष २०८३/८४ को बजेट प्रभावकारी रूपमा कार्यान्वयन गर्न सबै मन्त्रालय, विभाग, आयोग, प्रदेश तथा स्थानीय तहका सम्बन्धित निकायलाई विस्तृत मार्गदर्शन जारी गर्दै आवश्यक कार्यविधि, निर्देशिका, मापदण्ड, दिग्दर्शन वा मार्गदर्शन साउन मसान्तभित्र तयार गरिसक्न भनेको छ ।

अर्थ मन्त्रालयद्वारा यही साउन १ गते जारी गरिएको बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनमा स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई बजेट विनियोजन भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि तथा निर्देशिका समयमै तयार गरी स्वीकृत भएको सात दिनभित्र सम्बन्धित निकायको वेवसाइटमा सार्वजनिक गर्नुपर्ने उल्लेख गरिएको छ । यस्ता कार्यविधिले थप आर्थिक दायित्व सिर्जना गर्ने अवस्था भएमा भने अर्थ मन्त्रालयको पूर्वस्वीकृति अनिवार्य हुने व्यवस्था गरिएको छ ।

मार्गदर्शनअनुसार स्वीकृत आयोजना तथा कार्यक्रम सञ्चालनका लागि आवश्यक अस्थायी दरबन्दी अर्थ मन्त्रालय को सहमतिमा साउन मसान्तभित्र मन्त्रिपरिषद्बाट स्वीकृत गरिसक्नुपर्नेछ । साथै, बहुवर्षीय दायित्व सिर्जना हुने आयोजना तथा कार्यक्रमको खरिद प्रक्रिया मध्यमकालीन खर्च संरचनाको सीमाभित्र रहेर मात्रै अघि बढाउन निर्देशन दिइएको छ ।

अर्थ मन्त्रालयले वैदेशिक ऋण वा अनुदान सम्झौता प्रभावकारी नभएसम्म त्यस्ता आयोजनाका लागि छुट्याइएको वैदेशिक स्रोत र नेपाल सरकारको 'म्याचिङ फण्ड' खर्च शीर्षकगत आधारमा रोक्का रहने स्पष्ट गरेको छ । पूर्वप्रभावी वित्तीय (रेट्रोएक्टिभ फाइनान्सिङ) सम्झौता भएका आयोजनामा भने मन्त्रालयको सहमतिमा भुक्तानी दिन सकिने व्यवस्था गरिएको छ ।

बजेट सहयोगतर्फ विनियोजन गरिएको रकम समयमै प्राप्त नभए नेपाल सरकारको स्रोतबाट अस्थायी रूपमा हिसाब मिलान गर्ने व्यवस्था गरिएको छ । नयाँ आयोजना तथा कार्यक्रमको हकमा भने वित्तीय सम्झौता प्रभावकारी भएको सुनिश्चित भएपछि मात्र खर्च गर्न निर्देशन दिइएको छ । वैदेशिक सहायता प्राप्त आयोजनाहरूलाई नियमित रूपमा सोधभर्ना माग गर्न र आयोजना व्यवस्थापन कार्यालयले सोधभर्ना सम्बन्धी विवरण महालेखा नियन्त्रक कार्यालय तथा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमा अनिवार्य रूपमा पठाउनुपर्ने व्यवस्था गरिएको छ । निर्धारित समयभित्र सोधभर्ना प्रक्रिया सुरु नगरे अर्को त्रैमासिकको निकासा रोकिने र समयमै सोधभर्ना माग नगर्ने आयोजना प्रमुख तथा लेखा प्रमुखलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम कारबाही गरिने गनि बजेट कार्यान्वयन मार्गदर्शनमा उल्लेख छ ।

अर्थ मन्त्रालयले विनियोजित बजेटको सीमाभित्र रहेर मात्रै कार्यक्रम सञ्चालन गर्न र मन्त्रालयको सहमतिविना कुनै पनि थप आर्थिक दायित्व सिर्जना नगर्न भनेको छ । विपद्, मन्त्रिपरिषद्को विशेष निर्णय वा असाधारण अवस्थाबाहेक पहिलो त्रैमासिकमा थप बजेट निकासा माग गर्न नपाइने उल्लेख गरिएको छ । मार्गदर्शनमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार एउटै अनुदान संकेतभित्र चालु खर्च शीर्षकमा रकमान्तर गर्ने अधिकार लेखा उत्तरदायी अधिकृतलाई रहने व्यवस्था कार्यान्वयन गर्न भनिएको छ । कर्मचारी पारिश्रमिक, पदाधिकारी सुविधा, सामाजिक सुरक्षा लगायतका विभिन्न खर्च शीर्षकमा आवश्यक रकमान्तर तथा गतिविधि संशोधन पनि सम्बन्धित लेखा उत्तरदायी अधिकृतले गर्न सक्ने व्यवस्था गरिएको छ । अर्थ मन्त्रालयले नियमित संरचनाबाट सम्पन्न गर्न नसकिने अवस्थामा बाहेक परामर्श सेवा नलिन निर्देशन दिएको छ । ठूला तथा जटिल आयोजनाबाहेक सुपरिवेक्षण परामर्शदाताको सेवा पनि नलिन भनिएको छ । ऐन, नियम, नीति, कार्यविधि वा मापदण्डको मस्यौदा तयार गर्नसमेत परामर्श सेवा प्रयोग गर्न नपाइने व्यवस्था गरिएको छ । पानी, बिजुली, सञ्चार महसुल, इन्धन, कार्यालय सामग्री, भ्रमण, तालिम, गोष्ठी तथा अन्य प्रशासनिक खर्चमा अधिकतम मितव्ययिता अपनाउन र सार्वजनिक खर्चलाई प्रभावकारी बनाउन जोड दिइएको छ । विनियोजित बजेटबाट नयाँ चारपाङ्ग्रे सवारीसाधन खरिद गर्नुअघि अर्थ मन्त्रालयको पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था गरिएको छ । वैदेशिक भ्रमणका लागि पनि मन्त्रालयको पूर्वस्वीकृति अनिवार्य गरिएको छ । सरकारी कार्यालय सञ्चालनका लागि खाली रहेका सरकारी भवनलाई प्राथमिकता दिन र सरकारी भवन उपलब्ध नभए मात्र मुख्य व्यापारिक केन्द्रभन्दा बाहिरका न्यूनतम सुविधा भएका भवन भाडामा लिन निर्देशन दिइएको छ ।

सरकारी कोषको प्रभावकारी उपयोगका लागि सबै निकायलाई मासिक नगद योजना तयार गरी अर्थ मन्त्रालयमा पठाउन भनिएको छ । एक अर्ब रुपैयाँभन्दा बढीको भुक्तानी गर्नुपर्ने भए सात दिनअघि नै मन्त्रालयलाई जानकारी गराउनुपर्ने व्यवस्था गरिएको छ । आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिनअघि नै भुक्तानी प्रक्रिया पूरा गरी खर्चको लेखा अद्यावधिक गर्न तथा खर्च नभएको अनुदान रकम समयमै फिर्ता हुने व्यवस्था मिलाउनुपर्ने बजेट कार्यान्वयन मार्गदर्शनमा उल्लेख छ ।

बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी उपलब्धि सूचकसहितको प्रगति विवरण, कार्यान्वयन का समस्या र समाधानका उपाय राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयमा पठाउन भनिएको छ । प्रत्येक दुई महिनामा हुने बजेट कार्यान्वयन समीक्षा बैठकमा अनिवार्य सहभागी हुन पनि भनिएको छ ।

साथै, आयोजना तथा कार्यक्रम कार्यान्वयनका क्रममा उत्पन्न हुन सक्ने वित्तीय जोखिमको मूल्याङ्कन गरी जोखिम न्यूनीकरणका उपाय अपनाउन, ठूला पूर्वाधार आयोजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न तथा पुँजीगत खर्च सुधारलाई प्राथमिकता मा राख्न मन्त्रालयले जोड दिएको छ ।

# एमाले बागमती प्रदेश सरकारमा पर्ख र हेरको नीति

काठमाडौं । नेकपा (एमाले)को बागमती प्रदेश संसदीय दलले प्रदेश सरकारलाई दिइँदै आएको समर्थनबारे 'पर्ख र हेर' को नीति लिएको छ ।

सो दलको सोमबार काठमाडौंमा भएको बैठकले तत्काल प्रदेश सरकारबाट बाहिरिने वा समर्थन फिर्ता लिने विषयमा हाल यथावत् रहने निर्णय गरेको प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री डा निदेशचन्द्र देवकोटाले जानकारी दिनुभयो ।

यही साउन १ गते मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको सिफारिसमा प्रदेश प्रमुद दीपकप्रसाद देवकोटाले प्रदेश मन्त्रिपरिषद्बा रहेका एमालेका अधिकांश मन्त्रीलाई विना विभागीय मन्त्री रहने गरी हेरफेर गर्नुभएको थियो ।

प्रदेश सरकारका गठनबन्धन उलटपुलटबारे विभिन्न दलबीच शीर्ष तहमा संवाद चलिरहेको छ ।

# कानुन सुधार वर्षलाई सफल बनाउन आग्रह

काठमाडौं । कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले 'कानुन सुधार र निर्माण वर्ष'लाई सफल बनाउन सरोकारपक्षसंग आग्रह गरेको छ । मन्त्रालयले चालु आवलाई कानुन सुधार र निर्माण वर्ष घोषणा गरेको छ ।

यसका लागि मन्त्रालयले सोमबार सबै मन्त्रालयका कानुन शाखा/ महाशाखाका प्रमुखहरुसंग छलफल सुरुआत गरेको छ । प्रत्येक महिनाको पहिलो सोमबार यो बैठक नियमित हुने बस्ने तय भएको छ । कानुन निर्माण वर्ष सफल बनाउन तथा सङ्घीय संसद्लाई आवश्यक विधायिकीकार्य उपलब्ध गराउने उद्देश्यले निर्धारण भएका १६६ विधेयकको लक्ष्य पूरा गर्नका लागि आजबाट छलफल थालेको कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतमको सचिवालय ले जनाएको छ । आगामी आर्थिक वर्षमा निर्माण गरिने ती विधेयकको सूची यसअघि नै कानुन मन्त्रालयले संघीय संसद्मा बुझाइसकेको छ । विकासका लागि सहज वातावरण निर्माण यो वर्ष पुरै कानुन सुधारमा लाग्ने मन्त्रालयले जनाएको छ ।

कानुन सुधार तथा कानुन निर्माण वर्षका लागि मन्त्रालयले नौबुँदे कार्ययोजना तयार तयार पारिसकेको छ । सरकारले संसद्लाई विधेयकको अभाव हुन नदिने प्रतिबद्धता जनाएको छ ।

प्रतिनिधिसभामा आगामी आर्थिक वर्षमा निर्माण गरिने ती विधेयकको सूची यसअघि नै कानुन मन्त्रालयले सङ्घीय संसद्मा बुझाइसकेको छ ।

# बालयौन दूराचारमा अमेरिकी अदालतबाट पनि दोषी ठहर

काठमाडौं । नेपालमा बालयौन दूराचारमा नौ वर्ष कैद सजाय भोगेर अमेरिका फर्किएका ५८ वर्षीय केनेथ जोसेफ कुम्ब्सलाई अमेरिकाको सङ्घीय अदालतले नेपालमा गरेको कसुरमा दोषी ठहर गरेको छ । अमेरिकी न्याय विभागको सार्वजनिक मामिला कार्यालयले शुक्रबार आफ्नो वेवसाइटमा कुम्ब्सलाई दोषी ठहर गरेको जानकारी सार्वजनिक गरेको हो ।

नेपाल प्रहरीको केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार नेपालमा सजाय भोगेर फर्किएका निजलाई अमेरिकी कानुन प्रवर्तन निकायले सेप्टेम्बर २०२५ मा पक्राउ गरेको थियो । कुम्ब्सन त्यसबेलादेखि हिरासतमा छन् । निजविरुद्ध अक्टोबर २८ मा अमेरिकी अदालतले सजाय सुनाउने तयारी गरेको अमेरिकी न्याय विभागको सार्वजनिक मामिला कार्यालयले जनाएको छ ।

बालकहरूको यौन शोषण गर्न सङ्गठित रूपमा सिण्डिकेट सञ्चालन गरी दुर्गम गाउँहरूबाट बालक सहरमा ओसारपसार गरी विदेशी बालयौन दूराचारीलाई उपलब्ध गराउने गिरोह सञ्चालन भएको सूचनाका आधारमा केन्द्रीय अनुसन्धान ब्यूरोले अनुसन्धान सुरू गरेको थियो । विसं २०७३ भदौ २४ गते ठमेलस्थित याम्बु होटलबाट सो ब्यूरोबाट खटिएको प्रहरीले केनेथ जोसेफ कुम्ब्स र बालयौन दूराचारका निम्ती निजलाई सहयोग गर्ने काठमाडौं स्वयम्भूका २१ वर्षीय लुच्चे भन्ने बुद्ध पुतवारलाई पक्राउ गरेको थियो ।

जिल्ला अदालत काठमाडौंको २०७४ वैशाख १० गतेको फैसलाले कुम्ब्सलाई नौ वर्ष र पुतवारलाई चार वर्ष कैद सजाय ठहर भएको थियो । अमेरिकी न्याय विभागको सार्वजनिक मामिला कार्यालयलको सूचनामा कुम्ब्सले सन् २०१६ मा नेपाल वस्दा होटलमा आठ जना बालबालिकामाथि यौन दुर्व्यवहार गरेको र ती यौनजन्य कार्य गर्नका लागि कुम्ब्सले बल प्रयोग, जबरजस्ती नशालु पदार्थ सेवन गराउने र बालकबालिकालाई पैसाको प्रलोभनमा पार्ने जस्ता उपाय अपनाएको उल्लेख गरेको छ ।

कुम्ब्सले खिचेको पीडितको तस्विरहरू निजका इलेक्ट्रोनिक उपकरणबाट बरामद गरिएको अमेरिकी सार्वजनिक मामिला कार्यालयले जनाएको छ । नेपालस्थित अमेरिकी दूतावास, केन्द्रीय अनुसन्धान ब्यूरो, काठमाडौं जिल्ला सरकारी वकिल कार्यालय र नेपालको गैरसरकारी संस्था नयाँ पाइलाबाट अनुसन्धानमा सहयोग प्राप्त भएको अमेरिकी सार्वजनिक मामिला विभागले जनाएको छ ।

# शासकीय सुधारलाई निरन्तरता दिइने सचिव बैठकको निर्णय



काठमाडौं । सरकारका सचिवहरुको बैठकले शासकीय सुधारको एकसय कार्यसूची अन्तर्गत सम्पन्न भएका सुशासन प्रवर्द्धन, सेवाप्रवाह सुधार र निर्णय प्रक्रिया सरलीकरणलगायत क्षेत्रमा भएका असल अभ्यासलाई निरन्तता दिने निर्णय गरेको छ ।

मुख्यसचिव गोविन्दबहादुर कार्कीको अध्यक्षतामा सोमबार भएको सचिव बैठकले कार्यसूचीमा उल्लेखित बुँदा कार्यान्वयनका लागि गठित कार्यदल र समितिबाट प्राप्त सुझाव कार्यान्वयन गर्ने र त्यसको प्रभाव मूल्याङ्कन गर्न आन्तरिक संयन्त्र बनाई शासकीय सुधारलाई निरन्तरता दिने निर्णय गरेको छ । बैठकले कार्यसूचीअन्तर्गत मन्त्रालय/निकायले पूर्णरुपमा सम्पन्न गर्न बाँकी कार्य यथाशीघ्र टुङ्ग्याउन सम्बन्धित सचिव आफैंले त्यसको प्रगति 'ट्र्याकिङ' गर्ने निर्णय गरेको छ । 'बिजनेश प्रोसेस रि-इन्जिनियरिङ' मार्फत पहिचान गरिएको अनावश्यक प्रक्रिया, कागजात तथा तहतह हटाइ निर्णय निर्माण छिटो, सरल र नागरिकमैत्री बनाउने बैठकको निर्णय छ ।

बैठकले जेन-जी आन्दोलनका सहिद परिवार र घाइतेका लागि गत असार १८ गतेको मन्त्रिपरिषद्ले स्वीकृत गरेको एकीकृत प्याकेजको शीघ्र कार्यान्वयन गर्ने निर्णय गरेको छ ।

बैठकले सेवा प्रवाहमा थप सहजीकरण र विकेन्द्रीकरण गर्ने, कर्मचारीको क्षमता विकास, विपद् पूर्वतयारी र प्रतिकार्य, आर्थिक अनुशासन र खर्चमा मितव्ययिता लगायत २२ बुँदे निर्णय गरेको छ ।

# चलचित्र क्षेत्र प्रवर्द्धनका लागि आवश्यक सहयोग गर्छ : सञ्चारमन्त्री

काठमाडौं । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनासँग 'एभरेस्ट इन्टर-नेसनल फिल्म फेस्टिभल' का संस्थापक अध्यक्ष ली होइशुको नेतृत्वमा आएको चिनियाँ प्रतिनिधिमण्डलले सोमबार मन्त्रालयमा शिष्टाचार भेटवार्ता गरेको छ । सो अवसरमा नेपाल-चीनबीच चलचित्र, संस्कृति र पर्यटन प्रवर्द्धनका क्षेत्रमा सहकार्य विस्तार गर्नेलगायतका विषयमा छलफल भएको थियो ।

भेटका अवसरमा सञ्चारमन्त्री डा तिमिल्सिनाले अन्तरराष्ट्रिय चलचित्र महोत्सवलगायतका कार्यक्रमले नेपाल र चीनबीचको सांस्कृतिक सम्बन्धलाई थप मजबुत बनाउने विश्वास व्यक्त गर्दै द्विदेशीय सम्बन्ध विस्तारका पक्षमा हुने प्रवर्द्धनात्मक गतिविधिमा सहयोग गर्न सरकार तयार रहेको स्पष्ट गर्नुभयो ।

चलचित्र महोत्सवले नागरिक स्तरमा सम्बन्ध विस्तार गर्नुका साथै पर्यटन प्रवर्द्धनमा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्ने उल्लेख गर्दै उहाँले आपसी हित र साझा लाभका आधारमा आगामी दिनमा पनि सहकार्यलाई निरन्तरता दिनुपर्ने धारणा राख्नुभयो । त्यसैगरी, सञ्चारमन्त्री डा तिमिल्सिनाले बाह्य पर्यटकका रुपमा उल्लेख्य सङ्ख्यामा चिनियाँ नागरिक नेपाल आउने गरेको प्रसङ्ग उल्लेख गर्नुहुँदै प्राकृतिक सम्पदा, संस्कृतिक तथा पर्यटकीय गन्तव्यलाई अन्तरराष्ट्रिय स्तरमा प्रवर्द्धन गर्न चलचित्र प्रभावकारी माध्यम बन्न सक्ने धारणा व्यक्त गर्नुभयो । उहाँले नेपाली चलचित्रलाई विश्व बजारमा पुर्याउन तथा अन्तरराष्ट्रिय पहुँच विस्तार गर्न सरकारले आवश्यक सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो ।

चिनियाँ प्रतिनिधिमण्डलका नेता तथा 'एभरेस्ट इन्टरनेसनल फिल्म फेस्टिभल' का संस्थापक अध्यक्ष ली होइशुले नेपाल चीनको घनिष्ठ मित्र राष्ट्र भएको उल्लेख गर्दै प्राकृतिक सौन्दर्यसहित सांस्कृतिक विविधताका कारण चलचित्र छायाङ्कनका लागि नेपाल उत्कृष्ट गन्तव्य रहेको बताउनुभयो । उहाँले अनुकूल वातावरणका कारण चलचित्र निर्माणका साथै सांस्कृतिक आदानप्रदान, पर्यटन प्रवर्द्धन र नागरिक स्तरको सम्बन्ध सुदृढ गर्न नेपाल अनुपमस्थल रहेको धारणा व्यक्त गर्नुभयो । 'एभरेस्ट इन्टरनेसनल फिल्म फेस्टिभल' नेपाल र चीनबीच चलचित्र तथा सांस्कृतिक सम्बन्धलाई थप सुदृढ बनाउने उद्देश्यले सञ्चालन गरिएको द्विपक्षीय पहल हो । महोत्सवले नेपाली चलचित्रलाई चिनियाँ बजारसँग जोड्ने महत्वपूर्ण मञ्चका रूपमा काम गरिरहेको चलचित्र विकास बोर्डका अध्यक्ष दिनेशराज दाहालले बताउनुभयो । उहाँका अनुसार सन् २०२६ अप्रिल १४ देखि १९ तारिखसम्म चीनको हुनान प्रान्तस्थित चाङ्सा र हेङयाङ सहरमा आयोजना गरिएको महोत्सव नेपाल-चीन कूटनीतिक सम्बन्ध स्थापना भएको ७१औं वर्षको अवसरमा सम्पन्न भएको थियो ।

महोत्सवका लागि नेपालबाट २३ वटा चलचित्र आवेदन परेकामा ११ वटा प्रारम्भिक छनोटमा परेका थिए । त्यसपछि चिनियाँ सेन्सर प्रक्रियाबाट अन्तिमरूपमा 'अञ्जिला', 'छक्का पञ्जा ५', 'तेल भिसा', 'महाजात्रा', 'कबड्डी ४' र 'होस्टेल ३' गरी छ वटा नेपाली चलचित्र प्रदर्शनका लागि स्वीकृत भएका थिए । ती चलचित्रहरू चिनियाँ 'सबटाइटल' सहित सम्बन्धित चिनियाँ निकायको स्वीकृतिपछि चाङ्सा र हेङयाङ्का चलचित्र हलमा प्रदर्शन गरिएको थियो ।

## साउनको पहिलो सोमबारः पशुपतिनाथमा पूजा, आराधना गर्नेको घुइँचो

काठमाडौं। यस वर्षको साउनको पहिलो सोमबार सोमबार पशुपतिनाथ मूल मन्दिरभित्र प्रवेश गरी पूजा, आराधना गर्नेको घुइँचो लागेको छ। मन्दिरमा आउने सबै दर्शनार्थीले दर्शन गर्नसक्ने गरी व्यवस्था मिलाइएकाले मन्दिर परिसरभित्र हिजो (सोमबार) बिहानैदेखि भक्तजनको घुइँचो लागेको हो।

पशुपतिनाथसहित देशभरका शिवालयमा आशुतोष भगवान् शिवको पूजा, आराधना एवं दर्शन गर्ने भक्तजनको दिनभरि घुइँचो लागेको थियो। पशुपतिनाथ मन्दिरमा आज आउनेजति सबैलाई दर्शनको व्यवस्था मिलाइएको पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद् सदस्य केदारमान भण्डारीले राससलाई जानकारी दिनुभयो। उहाँका अनुसार दर्शन गर्न लाइन बस्नेको आँकडाअनुसार अनुमानित दुई लाखभन्दा बढी दर्शनार्थीले पूजा, आराधना र दर्शन गरेका छन्।

बिहानैदेखि पशुपतिनाथसहित देशभरका शिवालयमा भक्तजनको घुइँचो लागेको थियो। बिहान ९:०० बजे अघि लाममा बसेको आधा घण्टामा मूल मन्दिरभित्र प्रवेश गरेर दर्शन सकेर फर्कनसकिने अवस्था रहेकामा ९:०० बजेपछि भने करिब एक घण्टा ३० मिनेटसम्म लागेको उहाँले बताउनुभयो। बेलुकी ६:०० बजेपछि पनि आधा घण्टामा दर्शन गरेर फर्कन सकिने अवस्था रहेको कोषले जनाएको छ।

हिजो (सोमबार) बिहानै ३:०० बजेदेखि पशुपतिनाथ मन्दिरका चारवटै ढोका खोलिएको थियो। बिहान भने भक्तजनले सहज रूपमा दर्शन पाएका थिए। साउने झरीको पनि वास्ता नगरी भक्तजन बिहानैदेखि पशुपतिनाथ मन्दिरमा दर्शनका लागि आएका थिए। यस अवसरमा पशुपतिनाथको दर्शनमा आउने श्रद्धालु भक्तजनको सहज, सुरक्षित तथा व्यवस्थित दर्शन तथा विषेश पूजाको व्यवस्था गरिएको छ।

कोषले यसवर्ष रु एक हजार तिरेर टिकट काटी सुलभ रूपमा दर्शन गर्न सक्ने व्यवस्थासमेत गरेको छ। यो व्यवस्थालाई सुलभ दर्शन भनिएको छ। यो व्यवस्थाले सहज रूपमा दर्शन गरेर काम विशेषले हिँड्नेका लागि सजिलो भएको छ। भगवान्को दर्शन गरी राजधानी बाहिर वा विदेश जानेका लागि सहज भएको कोषले जनाएको छ। यसरी करिब २५ जनाले दर्शन गरेका कोषको सञ्चालक परिषद् सदस्य भण्डारीले बताउनुभयो। तर यो व्यवस्थाको केही भक्तजनले भने विरोध जनाएका छन्।

साउनको सोमबार पशुपतिनाथ मन्दिरमा दर्शनका लागि आउने लाखौं श्रद्धालु भक्तजनलाई सहज, सुरक्षित, मर्यादित र व्यवस्थित वातावरणमा दर्शन र पूजा गराउने गरी व्यवस्था मिलाइएको कोषका सदस्य सचिव तीर्थ श्रेष्ठले जानकारी दिनुभयो। यसवर्ष विशेष पूजाका लागि करिब २५० जनाले रसिद काटेका छन्। रु तीन हजार १०० र रु सात हजार ५०० को रसिद काटी विशेष पूजाको व्यवस्था मिलाइएको छ। बिहान ८:३० बजेदेखि करिब १२:०० बजेसम्म भक्तजनलाई विशेष पूजा गराइएको थियो।

मन्दिर छिर्न चार वटा लामको व्यवस्था गरिएको थियो। हिजो (सोमबार) बिहानैदेखि भक्तजन आएपनि लामो लाम भने नभएको कोषले जनाएको छ। पशुपति क्षेत्रमा दर्शनार्थीका लागि प्राथमिक उपचारलगायत अत्यावश्यक सबै व्यवस्था गरिएको छ। नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बललगायत विभिन्न संस्थाले पनि पशुपति क्षेत्रमा निःशुल्क स्वास्थ्य शिविरको व्यवस्था गरिएको छ।

साउनको पहिलो सोमबार सोमबार पशुपतिनाथसँगै राजधानीका गोकर्णेश्वर, नागेश्वर, डोलेश्वर, वसन्तपुर दरबार क्षेत्रको सानो पशुपतिनाथ भनेर चिनिने मक्खन महादेवलगायत राजधानीका ठूला साना सबै शिव मन्दिरमा पनि भक्तजनको लाम लागेको जनाइएको छ। यसैगरी देशभरका शिवालयमा भक्तजन पूजा आराधना एवं दर्शनका लागि पुगेका थिए। पशुपतिनाथ मन्दिरमा श्रीयन्त्र र गोकर्णेश्वर मन्दिरमा बालयन्त्रको पूजा आराधना हुने भएकाले पशुपतिनाथको पूजा, आराधना एवं दर्शन गर्नेले गोकर्णेश्वर र गोकर्णेश्वर महादेव मन्दिरको पूजा, आराधना एवं दर्शन गर्नेले पशुपतिनाथको पूजा, आराधना एवं दर्शन गर्नै पर्ने भन्ने नियम पनि रहेको जनाइएको छ।

## उच्च अदालत पोखरामा डेढ वर्ष नाघेका मुद्दाको संख्या शून्य

गण्डकी। पोखरा उच्च अदालतमा डेढ वर्ष नाघेका मुद्दाको सङ्ख्या गत आवमा शून्यमा झरेको छ। अदालतमा एक वर्षदेखि १८ महिनाभित्रका आठ, छ महिनादेखि एक वर्षभित्रका एक सय ७७ र छ महिनाभित्रका तीन सय १४ मुद्दा मात्र बाँकी छन्। चार सय ९९ मुद्दा पछ्र्योट हुन बाँकी रहेको अदालतका उप-रजिष्ट्रार निलप्रसाद पनेरुले जानकारी दिनुभयो।

अघिल्लो आववाट जिम्मेवारी सरेर आएका सात सय ५० र नयाँ दर्ता भएका १३ सय १९ गरी गत आवमा दुई हजार ६९ मुद्दा रहेकामा १५ सय ७० अर्थात ७५.८८ प्रतिशत मुद्दा फर्छ्योट भएका थिए।

उच्च अदालतले आव २०८१/०८२ मा लक्ष्यको ७८.०७ प्रतिशत मुद्दा फछ्र्योट गरेकामा गत आवमा भने फछ्र्योट दर केही घटेको हो। गत आवमा फछ्र्योट भएका मुद्दामध्ये देवानी प्रकृतिका चार सय ७५, फौजदारी मुद्दा नौ सय तीन र रिट एक सय ९२ रहेका छन्। सर्वोच्च अदालतको पञ्चवर्षीय रणनीतिक योजनाअन्तर्गत अदालतले मुद्दाको फछ्र्योटमा तीव्रता दिँदै आएको उप-रजिष्ट्रार पनेरुले बताउनुभयो। छरितो र चुस्त कार्यसम्पादनका कारण मुद्दा फछ्र्योटमा सुधार आएको उहाँको भनाइ छ। उच्च अदालतले जुनसुकै प्रकृतिका मुद्दालाई १८ महिनाभित्रमा फछ्र्योट गर्ने र दुई वर्ष नाघेका मुद्दाको संख्या शून्यमा पुऱ्याउने लक्ष्यसहित न्याय सम्पादन गर्दै आएको थियो।

उच्च अदालतले मुद्दाका मिसिलको विद्युतीय अभिलख राख्ने कार्यलाई पनि अगाडि बढाएको छ। गत आवमा पाँच सय ४४ मिसिलको विद्युतीय अभिलेख तयार पारिएको जनाइएको छ। अदालतले हालसम्म पाँच हजार तीन सय ४१ थान मिसिलको विद्युतीय अभिलेख राखेको छ।

## खाद्य तथा कृषि संगठनको सहकार्यमा खाद्य प्रणाली सुदृढीकरण परियोजना सुरु

काठमाडौं। नेपाल सरकार, संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफएओ) र चीन सरकारको साझेदारीमा कृषि खाद्य प्रणाली सुदृढीकरण परियोजना औपचारिक रूपमा शुभारम्भ भएको छ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयका अनुसार, २४ महिने उक्त परियोजनाले पहाडी तथा हिमाली क्षेत्रमा जलवायु-उत्थानशील कृषि, ग्रामीण जीविकोपार्जन सुधार र खाद्य तथा पोषण सुरक्षा सुदृढ बनाउने लक्ष्य राखेको छ।

चीनको ग्लोबल डेभलपमेन्ट एण्ड साउथ-साउथ कोपरेशन फण्डको आर्थिक सहयोग रहेको परियोजनाले स्थानीय संस्थाको क्षमता अभिवृद्धि, जलवायु-स्मार्ट, कृषि पोषण सुधार, डिजिटल नवप्रवर्तन तथा समावेशी ग्रामीण विकासमा सहयोग पुर्‍याउने विश्वास लिइएको छ।

कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले खाद्य सुरक्षा, ग्रामीण समृद्धि र दिगो विकासको राष्ट्रिय लक्ष्य हासिल गर्न परियोजनाले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो।

चिनियाँ राजदूत माओमिङ झाङले कृषि आधुनिकीकरण र दिगो विकास लक्ष्य प्राप्तिमा चीनको निरन्तर साथ रहेको बताउनुभयो। एफएओकी निर्देशक हुआ याङले यस परियोजना एसिया तथा अन्य क्षेत्रका लागि दक्षिण-दक्षिण सहयोगको सफल नमुना बन्ने विश्वास व्यक्त गर्नुभयो।

काभ्रेपलाञ्चोक र इलाममा कार्यान्वयन हुने उक्त परियोजनाअन्तर्गत डिजिटल कृषि विस्तार सेवामार्फत किसानलाई प्राविधिक परामर्श, मौसम सूचना, वित्तीय सेवा, कृषि बीमा र बजार जानकारी उपलब्ध गराइनेछ।

परियोजना कार्यान्वयनबाट महिला, युवा र सीमान्तकृत समुदायको सहभागिता बढाउने, स्थानीय संस्थाको क्षमता अभिवृद्धि गर्ने तथा जलवायु-अनुकूलन क्षमता सुदृढ पार्ने छ।

सहकार्यले अन्तरराष्ट्रिय प्राविधिक ज्ञान र अनुभवको आदानप्रदान गर्दै स्थानीय नेतृत्वमा कृषि तथा खाद्य प्रणालीको दीर्घकालीन रूपान्तरणमा टेवा पुर्‍याउने अपेक्षा गरिएको छ। कार्यक्रममा एफएओका प्रतिनिधि केन शिमिजु लगायत उच्च अधिकारी, सङ्घीय, प्रदेश तथा स्थानीय तहका प्रतिनिधि, किसान सङ्गठन र सरोकारवालाको सहभागिता थियो।

## कर्मचारीको आन्तरिक मिलान गर्ने सरकारको निर्णय

काठमाडौं। सरकारले नयाँ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणअनुसार स्वीकृत दरबन्दीमा रहने विद्यमान कर्मचारीको आन्तरिक मिलान गर्ने भएको छ।

मुख्यसचिव गोविन्दबहादुर कार्कीको अध्यक्षतामा सोमबार बसेको सचिवस्तरीय बैठकले स्वीकृत दरबन्दीमा रहने विद्यमान कर्मचारीको आन्तरिक मिलान गर्ने निर्णय गरेको हो। यसरी मिलान गर्दा बढीहुने (फजुल) कर्मचारीलाई भूमि व्यवस्थापन, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशान मन्त्रालयले सङ्घीय कार्यालय, प्रदेश सरकार तथा स्थानीय तहसँग समन्वय गरी ती निकायले रिक्त स्थानमा कामकाजमा खटाउने व्यवस्था मिलाइने र यसले कर्मचारीलाई कामविहीन हुने अवस्था आउन नदिने निर्णयमा उल्लेख छ।

निर्णयमा समावेश भएअनुसार नयाँ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण अनुरुप सङ्घीय सरकारका विभिन्न दरबन्दी घट्दा फजुलमा रहने कर्मचारी व्यवस्थापन गर्नुपर्ने भएकाले चालु आर्थिक वर्षमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको स्वीकृतिविना सरकारका कुनै पनि कार्यालयले स्थायी पदपूर्ति नगराउने उल्लेख गर्दै स्थायी पदपूर्तिका लागि लोकसेवा आयोगमा माग नगर्ने/नगराउने भनिएको छ।

मुख्यसचिव कार्की सहित सचिवस्तरीय बैठकले गरेका निर्णयमा मन्त्रालय, विभाग तथा कार्यालय प्रमुखसँग वार्षिक कार्यसम्पादन सम्झौता गर्ने उल्लेख छ। यसैगरी सेवा, प्रवाह, विकास आयोजना कार्यान्वयन, बजेट खर्च, गुनासो व्यवस्थापन र नागरिक सन्तुष्टिलाई प्रमुख कार्यसम्पादन सूचकका रूपमा समावेश गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने निर्णय भएको निर्णयमा उल्लेख छ।

## आर्थिक विकासमा पुँजी बजारको महत्वपूर्ण भूमिका : प्रधानमन्त्री शाह

काठमाडौं। प्रधानमन्त्री बालेन्द्र शाहले देशको आर्थिक विकास र समृद्धिका लागि पुँजी बजारको महत्वपूर्ण भूमिका रहेको बताउनुभएको छ।

सोमबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सरोकारवाला र नियमनकारी निकायका प्रतिनिधिहरुसँग छलफल गर्दै प्रधानमन्त्री शाहले पुँजी बजारमार्फत उद्यमशीलताको विकास र रोजगारी सिर्जना गर्ने कार्य मुख्य प्राथमिकतामा रहेको बताउनुभएको हो।

प्रधानमन्त्री शाहले व्यवसायीलाई उच्च मनोबलका साथ काम गर्न आग्रह गर्दै काम गर्नेलाई प्रोत्साहन र गल्ती गर्ने विरुद्ध शून्य सहनशीलताको नीति अपनाउने सरकारको नीति रहेको स्पष्ट गर्नुभयो।

प्रधानमन्त्रीसमक्ष सरोकारवाला संस्थाका प्रतिनिधिहरुले बजारको दिगो विकासका लागि कानुनी, नीतिगत, संस्थागत र प्रणालीगत सुधारको आवश्यकता रहेको बताउनुभयो। प्रधानमन्त्री शाहसँगको संवादपछि आफूहरू उत्साहित भएको उल्लेख गर्दै उहाँहरूले प्रारम्भिक सेयर निष्कासन प्रणालीमा सुधार, दोस्रो बजारमा माग र आपूर्तिलाई सन्तुलन कायम राख्न तथा दैनिक कारोबार रकमलाई रु ३० अर्ब पुर्‍याउने वातावरण मिलाइदिन प्रधानमन्त्रीसँग आग्रह गर्नुभयो। त्यसैगरी, उहाँहरुले बैंक तथा वित्तीय संस्थामार्फत 'मार्जिन' कारोबारसँग सम्बन्धित 'ब्रोकर' कम्पनीलाई कर्जा प्रवाह सहज बनाउन नेपाल राष्ट्र बैंकले आवश्यक कदम चाल्नुपर्ने खाँचो औंल्याउनुभयो।

बैंक तथा वित्तीय संस्थाले धितोपत्रमा लगानी गरेपछि कम्तीमा छ महिनासम्म बिक्री गर्न नपाउने विद्यमान व्यवस्था खारेज गर्न तथा सेयर धितो कर्जाको सीमालाई प्राथमिक पुँजीसँग आबद्ध गर्नुको सट्टा कूल कर्जाको पाँच प्रतिशत कायम गर्ने व्यवस्था मिलाइ दिन प्रधानमन्त्रीलाई आग्रह गर्नुभयो। अर्थ मन्त्रालयले व्यक्तिगत कारोबारमा हुने नोक्सानीमा कर समायोजनको व्यवस्था गरिदिनुपर्ने, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषजस्ता ठूला संस्थालाई दोस्रो बजारमा लगानी गर्न प्रोत्साहन गर्नुपर्ने, नेपाल स्टक एक्सचेन्जको रणनीतिक साझेदारसहित पुनःसंरचना तथा गैरआवासीय नेपालीलाई पुँजी बजारमा लगानी गर्ने मार्ग प्रशस्त गरिदिन पनि अनुरोध गर्नुभयो। सो छलफलमा स्टक ब्रोकर एसोसिएसन अफ नेपालका अध्यक्ष सागर ढकाल, नासा सेक्युरिटिजका प्रतिनिधि सन्दीप जलान, नेपाल लाइफ इन्स्योरेन्सका प्रतिनिधि नवराज सिलवाल, नागरिक स्टक डिलर कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत महेश्वरलाल श्रेष्ठ, पुँजी बजार समितिका सभापति प्रियराज रेग्मी र लगानीकर्ता अम्बिकाप्रसाद पौडेल सहभागी हुनुहुन्थ्यो। नेपाल धितोपत्र बोर्डका अध्यक्ष गोपाल भट्टले सरोकारवालाका सुझावलाई आत्मसात् गर्दै बोर्डले आर्थिक वर्ष २०८३/८४ को पुँजी बजार नीति तथा नेपालको पुँजी बजार मार्गचित्र २०८३ लागू गरिसकेको जानकारी दिनुभयो।

## खेतमा काम गर्दा आँखा जोगाउन चिकित्सकको सुझाव

चितवन। बर्सातको समयमा खेतमा काम गर्दा आँखामा चोटपटक र हिलो पर्ने भन्दै चिकित्सकहरुले आँखा जोगाएर काम गर्न सुझाव दिएका छन्। भरतपुर आँखा अस्पतालमा अहिले दैनिक आउने बिरामीमध्ये ३० प्रतिशत हाराहारी त्यस्ता बिरामी आउन थालेको भन्दै सजग रहन आग्रह गरिएको हो।

अस्पतालका निर्देशक डा पुष्पा गिरी श्रेष्ठले नेपाल नेत्रज्योति सङ्घ भरतपुरबाट सञ्चालित भरतपुर आँखा अस्पतालसहित मातहतका सेकेण्डेरी अस्पताल, सर्जिकल सेन्टर र उपचार केन्द्रमा आउने बिरामीमा समस्या देखिएको बताउनुभयो। दैनिक एक हजार ५०० हाराहारी बिरामी बहिरङ्ग सेवा लिन अस्पताल र मातहतका केन्द्रहरुमा आउने गर्दछन्। मुख्य रुपमा धानका लागि खेत तयार गर्दा र रोप्दा हिलो आँखामा पसेर आउने बिरामी रहेका छन्। यस्तै हिलो परेको टाउकोमा पानी पर्दा आँखामा छिरेर समस्या हुने गरेको छ। हिलो छिरेको आँखालाई मिचे पछि नानिमा सङ्क्रमण भएर बिरामीहरु आउने गरेको उहाँले बताउनुभयो। असार र साउन महिनामा यस्ता समस्या लिएर धेरै बिरामी आउने गर्दछन्। डा श्रेष्ठले भन्नुभयो, "आँखामा हिलो परेपछि आफैं औषधि किनेर प्रयोग गर्दा थप समस्या हुने गरेको छ।" आँखामा समस्या भइहालेमा तत्काल नजिकको आँखा उपचार हुने केन्द्र वा अस्पतालमा जान उहाँले सुझाव दिनुभयो। आफू खुसी औषधि प्रयोग गरेका कारण पाँच प्रतिशत हाराहारी बिरामीमा घाउ बढेर अल्सर समेत हुने गरेको उहाँले बताउनुभयो। कावासोती र पर्साको ठोरीमा सेकेण्डेरी अस्पताल, चोरमाराको मध्यविन्दु र सर्लाहीको ईश्वर पुरमा सर्जिकल सेन्टर छ भने भरतपुरको ओरालोमा सिटी क्लिनिक छ। तीबाहेक १९ वटा आँखा उपचार केन्द्र विभिन्न जिल्लामा छन्। सर्लाहीको हरिपुर र धादिङको नेत्रावती डबजोड गापामा उपचार केन्द्र सुरु गर्नेछ। सङ्घ मातहतका वा अन्य आँखा उपचार गर्नवा आँखा देखाएर औषधि प्रयोग गर्न सुझाव दिनुभयो।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५१०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com